कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

मान्म, कालिकोट

☎ ०८७–४४०११८

पत्र संख्याः- २०७७/७८ मितिः २०७७/६/१९
च.नं.-

विषयः **सूचना सच्याइएको बारे सूचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को बार्षिक लक्ष अनुसार मितिः २०७७/६/५ गते प्रकाशित सूचनामा अनुसार कार्यक्रम क्र.सं. २.७.१५.६०० मा सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम हुनु पर्नेमा महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम हुन गै त्रुटि हुन गएकोले कालिकोट जिल्लाका इच्छुक सहकारी संस्थाबाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना पून: प्रकाशित मितिले ७ दिन भित्र (मिति २०७७/६/२६ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित निबेदन पेश गर्न सूचित गराइन्छ। बिगतमा यस प्रकृतिको अनुदान सहयोग प्राप्त नगरेका आबेदनकर्तालाई बिशेष ग्राह्यता दिइने छ । म्याद नाघी वा रित नपुगी प्राप्त भएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धि थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | परिमाण | रकम रु |
|---|---|---|---|---|
| २.७.१५.६०० | सहकारी संस्था मार्फत कृषि उद्यम प्रबर्द्धन कार्यक्रम | संख्या | १ | १० लाख |

<u>आवश्यक कागजातः</u>

१. ब्यावसायिक योजना (कार्यक्रमको परिचय, हालको अवस्था, संस्थाको अनुभव, कार्यक्रमको लक्ष तथा उदेश्य, संचालन गरिने क्रियाकलाप तथा अपेक्षित उपलब्धि, संचालन गरिने क्रियाकलाप अनुसारको बजेट तथा संस्थाको योगदान खुलेको आर्थिक प्रस्ताव, कार्य योजना, कम्तिमा ३ बर्षको उत्पादन योजना, जनशक्ति विबरण तथा रोजगारीका अवस्था, कच्चा पदार्थको आपूर्ति तथा उत्पादित बस्तुको बिक्रि योजना आदी) सहितको प्रस्ताव ।
२. सहकारी संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
३. गत आ.ब.को लेखा परिक्षण भएको प्रतिबेदन, कर चुक्ताको प्रमाण पत्र को प्रतिलिपि, कर छुट भएको भए संबन्धित कार्यालयको प्रमाण ।
४. सहकारी संस्थाको तर्फबाट कारोबारमा सहभागिताका लागि आधिकारिक पदाधिकारी तोकेको निर्णय प्रतिलिपि
५. सम्बन्धित स्थानीय तह वडा कार्यालयको शिफारिष पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

Email: adokalikot@gmail.com Web: adokalikot.karnali.gov.np